श्री सर्वोच्च अदालत, रामशाहपथमा चढाएको

लिखित-जवाफ

मार्फतः- महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।

विषयः रिट नं ०७१- wo -०५९९ खारेज गरी पाऊ ।

नेपाल सरकार,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंको तर्फबाट ऐ.का सचिव शान्त बहादुर श्रेष्ठ -------- **लिखित जवाफ प्रस्तुतकर्ता** प्रत्यथी

**विरुद्ध**

जिल्ला ललितपुर वार्ड नं. २ स्थित पर्फेक्ट ब्लेन्ड्स नेपाल प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त ऐ.का प्रबन्धक सोमनाथ पौडेल ------- **विपक्षी** निबेदक

**मुद्दाः-** उत्प्रेषण समेत ।

उपरोक्त विपक्षीसँगको उक्त मुद्दामा त्यस सम्मानित अदालतबाट यस मन्त्रालयको नाउमा जारी भएको १५ दिने म्याद मिति २०७१।१०।२२ मा तामेल भएकोले १५ दिनभित्रको म्यादैभित्र यो लिखित जवाफ पेश गरेको छु । निम्नलिखित आधारहरुमा विपक्षीको निवेदन खारेज गरिपाऊ।

१. निबेदकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, रयापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१ बमोजिम सूर्तिजन्य पदार्थको प्याकेजिङ्गको कूल भाग मध्ये कम्तीमा ९० प्रतिशत भागमा मन्त्रालयले तोके बमोजिमको चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने व्यवस्था प्रतिषेधको आदेशद्धारा बदर गरि पाउँ भन्ने मूख्य निबेदन व्यहोरा रहेछ ।

२. प्रस्तुत रिट निवेदन देहायका आधारमा खारेजभागी छ खारेज गरी पाउँ ।

(क)प्रकरण १ बमोजिम निबेदकले दाबी जिकिर गर्दा सम्मानीत सर्वोच्च अदालतबाट यस्तै प्रकृतिको निबेदनमा मिति २०६८।०८।०१ मा जारी भएको अन्तरिम आदेश मिति २०७०।९।१४ को पूर्ण फैसलाबाट खारेज गरी सूर्तिजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ बमोजिम जारी गरेका नियम तथा निर्देशिका कानून सम्मत भएको आदेश समेत जारी गरेकोले निबेदकका सम्पूर्ण दाबी जिकिर बदरभागी छन् ।

(ख)निबेदकले पचहत्तर प्रतिशत सम्मको भागमा चेतावनीमूलक सन्देश छाप्ने कुरा स्वीकार्नु भएको छ । सूर्तिजनय पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को ९ को उपदफा (१) मा सूर्तिजन्य पदार्थको बट्टा, रयापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कुल भाग मध्ये कम्तीमा ७५ प्रतिशत भागमा सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोकेबमोजिम चेतावनीमूलक सन्देश र सूर्तिजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने

र देख्ने गरी छाप्नु तथा अंकित गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्थाको अधिनमा रही मन्त्रालयले सूर्तिजन्य पदार्थको बट्टा, रयापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कूल भाग मध्ये कम्तीमा ९० प्रतिशत भागमा सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोकेबमोजिम चेतावद्गीमूलक सन्देश र सूर्तिजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र छाप्ने तथा अंकित गर्नेगरी मिति २०७१।०७।१३ मा निर्देशिका जारी गरेको बिषय कानून सम्मत भएकोले रिट निबेदकको कुनै संवैधानिक तथा कानूनी हक अधिकार हनन् भएको छैन । निजका सबै दाबी जिकिर खारेजभागी छन् खारेज गरि पाउँ ।

(ग) राज्यले लगानीकर्ताको लगानीलाई यथोचित संरक्षण गर्नुपर्ने दायित्व बोध भएकै कारण मिति २०७१।०७।१३ मा जारी गरेको निर्देशिका मिति २०७२।०२।०२ गते देखि लागू गर्ने निर्णय उत्पादकहरुलाई आफ्नो उत्पादन निर्देशिका अनुकूल हुने गरी व्यवस्थापन गर्न ६ महिनाको समय प्रदान गरिएको हो । निजहरुको लगानीको वेवास्ता गरेको भए उक्त निर्देशिका तत्काल लागू गर्न सकिन्थ्यो तर त्यसो गरिएन । अतः जनस्वास्थ्य जस्तो गम्भिर र संबेदनशिल बिषयमा सरकारले सम्झौता गर्न सक्दैन । निबेदकका सम्पूर्ण स्वार्थप्रेरित दाबी जिकिरबाट फुर्सद पाउँ ।

३. यसमा अन्य प्रत्यर्थीहरुबाट सम्मानित अदालतसमक्ष प्रस्तुत गरिने लिखितजवाफबाट समेत यथार्थ व्यहोरा अवगत हुने नै छ ।

४. प्रस्तुत विषय सम्मानित इजलाससमक्ष पेश हुँदा यस मन्त्रालयकातर्फबाट प्रतिनिधित्व गर्नुहुने सरकारी वकिलको बहस तथा पेश गर्ने कागजातहरुलाई यसै लिखित जवाफको अभिन्न अंग मानिपाऊँ ।

५. यसमा लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानूनबमोजिम सहुँला बुझाउँला ।

लिखित जवाफ प्रस्तुतकर्ता

(शान्त बहादुर श्रेष्ठ )
सचिव

ईति सम्वत २०७१ साल माघ गते रोज शुभम --